# कोषमा जम्मा रहेको रकम लिने / हिसाब मिलान गर्ने सम्बन्धी सूचना

कर्मचारी सञ्चय कोषमा विगतमा नियमित रुपमा कोषकट्टी रकम जम्मा गर्ने गरेका तर सेवाबाट अवकाश भएर वा मृत्यु भएर वा संस्था विघटन/खारेज/बन्द भएर वा अन्य कारणले कोषमा रकम जम्मा हुन बन्द भएको वा भुक्तानी पश्चात समेत छुट वा मुनाफा रकम बाँकी रहेको ६ वर्ष नाघि सकेका सञ्चयकर्ताको रकम कर्मचारी सञ्चय कोष ऐन २०१९ को दफा १५ (क) को उपदफा ३ (क) बमोजिम व्यवस्थापन भइरहेको छ । यसरी व्यवस्थापन हुने रकममा ब्याज प्रदान नगरिने हुँदा भूक्तानी लिन बाँकी सञ्चयकर्तालाई देहायका कागजात सहित आफूलाई पायक पर्ने कोष कार्यालयमा सम्पर्क राखी आफ्नो रकम भूक्तानी लिन/हिसाब मिलान गर्न सूचित गरिन्छ ।

कोषले विभिन्न माध्यमबाट सम्पर्क स्थापित गर्ने कोशिस गर्दा समेत सम्पर्क हुन नसकेका उपरोक्त बमोजिमका सञ्चयकर्ताको विवरण कोषको **WebSite** मा राखिएको छ ।

## भूक्तानी लिन/हिसाब मिलान गर्न आउँदा साथमा ल्याउनुपर्ने कागजातहरू :

१. सेवाबाट अवकाश भएको वा कार्यालय विघटन/खारेज/बन्द भएको मिति खुलेको पत्र,

२. कोषको परिचयपत्र । परिचय पत्र नभएका सञ्चयकर्ताको हकमा पद, नाम, क.सं.कोष परिचयपत्र नम्बर र अवकाश मिति खुलेको सञ्चयकर्ताको फोटोसहितको कार्यालयको प्रमाणित पत्र,

३. पेन्सनपट्टा/ नागरिकता प्रमाण पत्र,

४. मृत्यू भएका सञ्चयकर्ताको हकमा ईच्छाईएको/हकवालाको नागरिकता, सञ्चयकर्ताको मृत्यु दर्ता प्रमाणपत्र, नाता प्रमाणित पत्र

५. कोषको KYC नगरेका सञ्चयकर्ताको हकमा कोषको website (https://site.epf.org.np/kyc) बाट Individual KYC Form भरि सो को Print,

६. विभिन्न कार्यालयहरूमा सरुवा भएको भएमा सरुवा तथा रमाना पत्रको प्रतिलिपि (खाता मिलानका लागि),

पुनश्चः- *थप जानकारीको लागि कोषको वेबसाइट https://epf.org.np हेर्नु हुन वा कोषको कल सेन्टर ०१-५९७००४१ वा लेजर ब्यवस्थापन शाखाको इमेल ledger@epf.org.np मा आफ्नो विवरण सहित इमेल गर्नुहुन समेत अनुरोध छ ।*

**कर्मचारी सञ्चय कोष**
कोष व्यवस्थापन विभाग, ठमेल, काठमाण्डौ

**कोषमा जम्मा रहेको रकम लिन/हिसाब मिलान गर्न बाँकी सञ्चयकर्ताहरुको नामावली/विवरणको लागि यहाँ क्लिक गर्नुहोला:**

- निजामती तर्फका सञ्चयकर्ताको विवरण
- नेपाल प्रहरी र सशस्त्र प्रहरी तर्फका सञ्चयकर्ताको विवरण
- नेपाली सेना तर्फका सञ्चयकर्ताको विवरण
- शिक्षा तर्फका सञ्चयकर्ताको विवरण
- संगठित संस्था तथा सार्वजनिक संस्थान तर्फका सञ्चयकर्ताको विवरण